सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



नेपाल कुशवाहा कल्याण समाजद्वारा सांसद महतोलाई सम्मान। पेज ४ मा

♦ वर्ष ७ ♦ अंक ९४ ♦ २०८० साल पुस ३ गते मंगलवार ♦ 19 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## रामकलेवा विधि भएसँगै यस वर्षको विवाहपञ्चमी महोत्सव सम्पन्न



**खबर दर्पण समाचारदाता**

**पुस २ गते, महेन्द्रनगर**

सप्ताहव्यापी कार्यक्रम विवाहपञ्चमी महोत्सव सम्पन्न भएको छ। सोमवार रामकलेवा विधि भएसँगै यस वर्षको विवाहपञ्चमी महोत्सव सम्पन्न भएको हो।

आइतवार राति वैदिक परम्परा अनुसार प्रतिकात्मक भगवान राम र सीताको विवाह जानकी मन्दिरमा भएपछि आज सोमवार रामकलेवा विधि गरिएको छ। जसअन्तर्गत भारत र अन्य स्थानबाट आएका साधुसन्त तथा श्रद्धालुलाई आज ३६ प्रकारको व्यञ्जन भोजन र दक्षिणा सहित

*बाँकी पृष्ठ २ मा*

## वडा अध्यक्ष ५ लाख घुससहित पक्राउ



**खबर दर्पण समाचारदाता**

**पुस २ गते, बर्दिवास**

सेवाग्राहीसँग घुस लिएको आरोपमा बारा जीतपुर सिमरा उपमहानगरपालिका- ३ का वडाध्यक्ष तारा कार्कीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाले पक्राउ गरेको छ।

आयोगको टोलीले वडाध्यक्ष कार्कीलाइ नगद पाँच लाख रुपैयाँसहित पक्राउ गरेको छ। जीतपुरस्थित जैसवाल होटेलमा घुस लिँदै गर्दा अख्तियारको टोलीले कार्कीलाई पक्राउ गरेको छ।

उनको साथबाट सेवाग्राहीले दिएको पाँच लाख रुपैयाँ घुस रकम समेत अख्तियार टोलीले बरामद गरेको छ।

डाध्यक्ष कार्कीले सडक बाटो सिफारिसका लागि स्थानीय जग्गा व्यवसायी राजन उप्रेतीसँग पाँच लाख रुपैयाँ घुस मागेको बताइएको छ।

## जानकी मन्दिरमा २१ जोडीको सामूहिक विवाह

**खबर दर्पण समाचारदाता**

**पुस २ गते, महेन्द्रनगर**



जनकपुरधाम स्थित जानकी मन्दिरमा सोमवार राती २१ जोडीको सामूहिक विवाह गरि एको छ।

विश्व हिन्दु परिषद् नेपालको आयोजनामा जानकी मन्दिर परि सरमा आयोजित सामूहिक विवाह कार्यक्रममा धनुषा सहित सिरहा, सप्तरी, महोत्तरी लगायत विभिन्न जिल्लाका २१ जोडीको विवाह गराइएको छ।

सीताराम विवाह पञ्चमी महोत्सव सकिए लगत्तै मन्दिर परिसरमा आयोजित सामुहिक विवाह समारोहमा विभिन्न जातजातीका जोडीको विवाह गराइएको विश्व हिन्दु परिषद् नेपाल धनुषाका अध्यक्ष सन्तोषकुमार साहले जानकारी दिए।

जनकपुरधाममा आयोजना गरेको निशुल्क सामुहिक विवाहमा अनाजवाट रामजानकीको स्वयंवरको प्रतिमा बनाउन भारतको मध्य प्रदेशवाट जनकपुरधाम आएका कलाकार सतिश गुर्जरले पनि यागिनी गुर्जर संग स्वयंवर गरेका छन्।सतिश संगै स्वयंवर रचाएकी उनको जोडी यागिनी गुर्जर भारत मध्य प्रदेश उनको गाँउ हार्जा कै हुन र उनीसंगै टिममा आएकी थिईन्।

कलाकार गुर्जरले आफनो स्वयंवर जनकपुरधाममा हुने अवसर जुडेकोमा भाग्यशाली महशुस भइरहेको बताए। उनले भने, 'भगवान रामजानकीको स्वयंवरको प्रतिमा बनाउन आएको थिए पवित्र यस धर्तीमा आफनो स्वयंवर समेत भयो, यो भगवानकै ईच्छा थियो भन्ने लागेको छ।' उनले स्वयंवर जनकपुरधाममा गरेको र गाँउ पुगेर विवाह धुमधामका साथ

*बाँकी पृष्ठ २ मा*

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था।

# जुम्ला सिंजाका विद्यार्थीहरु जडिबुटी वेच्न महोत्तरी आईपुगे

बिशाल बस्नेत

**पुस २ गते, महोत्तरी**

जुम्लाको सिजा स्थित काडागाउँवाट पढाइ खर्च जोहो गर्ने उदेश्यले जडिबुटी वेच्दै विद्यार्थीहरु महोत्तरी आईपुगेका छन् ।

हिउँ परेको कारण विद्यालयले दिएको १ महिना विदाको सदुपयोग गर्दै जडिबुटी वेच्न उनिहरु यहाँ आईपुगेका हुन । काडागाउँ स्थित विभिन्न विद्यालयमा अध्यणरत ४५ जना छात्र महोत्तरी आईपुगेको मनोज साहीले वताए ।

'अहिले महोत्तरीको विभिन्न गाउँमा यार्सागुम्बा, सिलाजित, विरेनुन, हिङ्ग जस्ता जडिबुटी वेचिरहेका छौ ।' साहीले भने । १९ बर्षिय साही पनि गाउँ कै एक विद्यालयमा कक्षा-९ मा अध्यणरत छन । जडिबुटी तराईमा वढी मन पराउने भएका कारणले वुवाले भनेको सुनेर महोत्तरी आएको साहीले वताए ।

उनिहरुका अनुसार परिवारले पनि यहि जडिबुटी वेच्ने पेशा बनाएका छन । उत्पादन कम हुने र यातायात सुविधाको अभावमा बजारको समेत समस्या पर्ने हुदा तराई झरेर वेचेको पैसाले खाध्यन्न किनेर लैजाने गरेको विद्यार्थीहरु वताउछन ।

'कापी, किताब किन्न समेत निक्कै समस्या हुन्छ ।' अर्का छा' दिपकराज साहीले भने । 'कमसेकम एक महिना वेचियो भने त्यो अभाव त झेल्न पर्दैन।' वाक्लो बस्ती र धेरै हिडिराख्न नपर्ने हुदा जडिबुटी बिक्री वितरण गर्ने तराई उत्तम गन्तव्य भएको विद्यार्थीहरुको भनाई छ । त्यसैले पनि बर्षेनी मधेश झर्ने गरेको गोपाल साहीले वताए।

उनिहरुले झोला र झुण्ड्याएर ल्याएका विभिन्न जडिबुटी वेचेर फर्कदा झण्डै ५० हजार वरावरको वेच्ने गर्दछन । तर फर्कदा केही सामान फर्काएर लैजानुपर्ने विद्यार्थीहरुको भनाई छ ।

बढीजसो सिलाजित, यार्सागुम्बा र पिनास ठिक गर्ने जडिबुटी बिक्री हुने गरेको उनिहरु वताउछन । 'यी जडिबुटीमा मानिसहरु परिचित भएर पनि होला धेरै चै यिनिहरु नै बिक्री हुन्छ ।' अर्का छात्र सिंहराज साहीले भने ।



सिंजा गाउँपालिकामा जनप्रतिनिधिहरु जनभावना बुझ्ने नहुदा छात्र मात्र हैन गाउँमा लोग्ने मान्छे समेत नवस्ने विद्यार्थीहरु गुनासो गर्छन् ।

सिंजा आफै पनि ऐतिहासिक ठाउँ हो । जहाँ केदारनाथ तिर्थस्थल, देउमाई, मालिका बाँओ , रोप्नीमाई पंचदेवल, त्रीदेवल जस्ता प्रसिद्ध मण्दिर छन भने हिमनदिको समेत दृश्यावोलकन गर्न सकिन्छ ।

विभिन्न अमुल्य जडिबुटी यही पालिकामा पाईने हुदा आयआर्जनको मुख्य स्रोत स्थानियहरुको जडिबुटी नै रहेको विद्यार्थीहरु वताउछन् ।

यहाँका धेरैजसो अभिभावकहरु रोजगारीको लागी भारत जाने र छोराछोरी जडिबुटी संकलन गरेर विद्यालय विदा भएपछी बिक्री गर्न निस्कने गोपाल साही वताउछन् ।

# जानकी मन्दिरमा...

गर्ने बताए ।

परिषद् अध्यक्ष सन्तोष साहका अनुसार जनकपुरधामको कलवार धर्मशालामा सवै जोडी सहित उनका परिवारजन जम्मा भएर खानपीन गर्दै वेहुलालाई रथमा बाजागाँजा सहित नगर परिक्रमा गराइएको छ । साथै सो समयमा बेहुली सबैलाई रितु ब्युटी पार्लरमा तयार गरि साँझ जानकी मन्दिरको प्राङ्गणमा जहाँ आइतवार रामजानकीको विवाह भएको थियो सोहि विवाह मण्डपमा सामुहिक स्वयंवर गरिएको छ ।

विवाहमा बेहुला तथा बेहुलीका लागि आवश्यक गर्ने कपडा, एक थान पोते, अन्य वैवाहिक सर समान र भोज सहितका आवश्यक पर्ने सबै सामाग्रीहरू परिषद्ले निःशुल्क रुपमा उपलब्ध गराएको छ । विवाहलाई कम खर्चिलो तथा ऐतिहाँसिक बनाउनका लागि निःशुल्क विवाहका लागि गरिब तथा विपन्न वर्गका बेहुला बेहुलीको छनौट गर्ने काम भएको परिषद् अध्यक्ष साहले बताए ।

विश्व जगतमा जनकपुरस्थित जानकी मन्दिर प्रसिद्ध विवाहस्थलका रुपमा रहेको प्रचार प्रचारसँगै विकास गर्न र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सामूहिक विवाह समारोह आयोजना गरिएको अध्यक्ष साहले बताए ।विवाह समारोहमा प्रतिनिधि सभा सदस्य जुलस् माहासेठ, जानकी मन्दिरका छोटा महन्थ राम रोशन दास बैष्णव लगायतले नवविवाहित जोडीलाई सुखद दाम्पत्य जीवनको शुभकामना दिए ।

विश्व हिन्दु परिषद् नेपालले विगत पाँच वर्षदेखि जनकपुरधाममा विवाह पञ्चमीको भोलीपल्ट सामूहिक विवाह कार्यक्रम गर्दै आएको छ ।विवाह गर्न चाहने बेहुला बेहुलीको उमेर पुगेको हुनु पर्ने भएकाले उमेर खुलेको नागरिकता सहितको आवश्यक कागजपत्र पहिला बुझाउनु पर्ने प्रावधान रहेको परिषदको भनाई छ ।

# रामकलेवा विधि भएसँगै यस वर्षको ...............

विदाई गरिएको छ ।

जानकी मन्दिरका छोटे महन्थ रोशण दास 'वैष्णव'ले रामकलेवा अन्तर्गत करिब १० हजार साधुसन्त र श्रद्धालुलाई ३६ व्यञ्जनको भोजन गराएको बताए। महन्थ दासका अनुसार भोजनमा दाल, भात, चार वटा तरकारी, दहि, झोरी, बरि, अचार , मिठाई सहित ३६ व्यञ्जन सहित मिथिला भोजन थियो । साधुसन्तलाई कम्बल, दोसल्ला र नगद दक्षिणा समेत दिएको सहायक महन्थ वैष्णवले जनाए । उनले भने, 'जन्तीलाई विशेष भोजन र दान दक्षिणा दिएर विदाई गर्ने चलन छ । आज त्यो चलनलाई निरन्तरता दिएका छौं । कसैलाई ५ सय त कसैलाई २ सय नगद दक्षिणा दिएर साधुसन्तलाई विदाई गर्यौं ।'

भगवान रामको जन्मभूमि भारतको अयोध्याबाट हरेक ५ वर्षमा जन्ती आउने परम्परा रहेको छ । सोही अनुसार यसवर्ष औपचारिक रुपमा जन्ती आएको थिएन । यद्यपी लाखौं श्रद्धालु र साधुसन्त विवाह पञ्चमीमा सहभागी भएका थिए । एक साता बढि देखि विवाह पञ्चमीको लागि भरिभराउ जनकपुरधाम गए राति सीता-राम विवाह सम्पन्न भए लगत्तै श्रद्धालु भक्तजनहरु फर्केपछि आज शुन्य भएको छ ।

विवाह पञ्चमी महोत्सव अन्तर्गत पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौंथौं दिन तिलकोत्सव र पाँचौं दिन आज मटकोर विधि, छैंटौं दिन स्वयंवर र राति वैवाहिक कार्यक्रम र अन्तिम दिन सोमबार रामकलेवा गरी महोत्सव सम्पन्न भएको हो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**वृष**- प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मिथुन**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कर्कट** - आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**तुला** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**वृश्चिक** -लामो समयपछि र स रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**धनु** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कुम्भ**-व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मीन** -अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केवल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१ ९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# गौशाला नगरपालिका: तरकारी खेतीमा समस्या देखिएपछि विज्ञ सहितको प्राविधिक टोलि खटे

**खबर दर्पण समाचारदाता**

**पुस २ गते, बर्दिवास**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धनुषाको पहलमा महोत्तरीको गौशाला नगर पालिकामा तरकारी खेतीमा देखिएको समस्या पहिचानका लागि विज्ञ सहितको प्राविधिक टोलि खटेको छ ।

गौशाला नगरपालिका ८ भन्टावारी र सो क्षेत्रमा कृषकहरुले लगाएको टमाटर लगायतको तरकारी खेतीमा देखिएको रोग तथा किराको समस्या पहिचान र निदानका लागि विज्ञ प्राविधिक टोलीबाट आइतवार फिल्ड निरिक्षण र कृषकसंग परामर्श खटेका हुन् । रोग र किराको समस्या देखिएपछि विज्ञसहितको प्राविधिक टोली फिल्ड निरिक्षण



तथा परामर्श पश्चात "आकस्मिक बाली संरक्षण अभियान" संचालन गरिने निर्णय गरिएको छ। विज्ञ टोलीले टमाटरमा अगौटे डढुवा रोग र सुक्ष्म तत्वको कमिका कारण फल फुट्ने र चर्किने समस्या र हेलिकोभर्पा नामक किराले फल नष्ट गरेको समेत भेटेका छन् । त्यसतै भान्टामा फ्रुट र सुट बोरर किराका कारण बोट सुक्ने र फल नष्ट हुने समस्या देखिएको छ । यता सिमीमा क्याटरपिलरको लार्भा र रष्ट देखिएको थियो । स्थानिय कृषकहरुले टमाटर,आलु तथा तथा अन्य तरकारी खेती गरेकोमा बालीमा रोग देखिएपछि प्राविधिक टोलीलाई खवर गरेका थिए ।

टोलीले रोगको पहिचान गर्दै तत्काल उपचारका उपायहरु बताएको र थप "आकस्मिक बाली संरक्षण अभियान"को माध्यमले रोगबाट हुन सक्ने क्षति कम गर्न प्रयास गरिने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना धनुषाका प्रमुख ललन सिंहले बताए ।

उनले सो क्षेत्रमा हुने तरकारी खेतको माटो परिक्षण गरि बाली संरक्षण प्रयोगशालाका विज्ञहरु संग समन्वय गरि रोग निदानको कार्य गरिने तथा प्लान्ट क्लिनिक र आकस्मिक बाली संरक्षण अभियान तथा बाली बस्तुको विशेष स्थलगत तालिम संचालन गरिने बताए ।

कृषि ज्ञान केन्द्र महोत्तरीका निमित कार्यालय प्रमुख बाली विकास अधिकृत मनिष पाल,उष्ण प्रादेशिय बागवानी नर्सरी केन्द्र जनकपुरका प्रमुख वरिष्ट बागवानी अधिकृत राजिव यादव,परियोजनाका कृषि अधिकृत राकेश यादव र सामाजिक विकास विज्ञ अन्जेश श्रेष्ठ तथा परवार्ड रौतहटका कृषि प्राविधिकहरु समेतले निरिक्षण गरेका हुन ।

गौशालाको भन्टावारीमा मात्र २५ देखि ३० हेक्टर र संगै जोडिएको बटौवा, लक्ष्मिनिया, कान्तिबजार समेत गरि सयौ हेक्टर क्षेत्रमा तरकारी खेती भैरहेकोमा तत्काल रोग निदान नगरिए किसानले ठूलो क्षति व्यहोर्नु पर्ने विज्ञहरुको भनाई छ ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना धनुषाले तरकारी बालीमा देखिएको समस्यालाई गम्भीर रुपमा लिइ समस्या समाधानको प्रयास गरिरहेको प्रमुख सिंहको भनाई छ। उक्त क्षेत्रमा आलु र ओल बाहेकका मौसमी ताजा तरकारी(टमाटर,भान्टा, सिमी,बोडी,काउली,परवल ) लगायतको खेती गरिन्छ ।

## नेपाल कुशवाहा कल्याण...............

अध्यक्ष विजय कुमार महतोको अध्यक्षता तथा जिल्ला कार्य समितिको पदाधिकारीहरुले गमछा तथा फुलको माला लगाई समान् गरेका छन् ।

माननीय लक्ष्मी महतो क्षेत्रमा उपस्थित नरहेको बेला सबैमा निराशा छाईएको थियो । अब उहाँ आए पछि जनता तथा कार्यकर्तामा आश पलाईएको कुशवाहा समाजका अध्यक्ष महतो बताए ।

आज देखि होईन परम्परा देखि नै सधै सत्यको जित हुँदै आई रहेकोले आज पनि सत्यको जित भएको ठम्याई रहेको कुशवाहाहरु आ-आफ्नो धारणा राखेका थिए । समान् गरेकोमा सबैलाई कृतज्ञता व्यक्त गर्दै आउँने दिनहरुमा विकासका कामहरुमा जोड दिने माननीय महतोले बताए ।








# जनकपुरधाम आउने तीर्थयात्रीको पहिलो रोजाई रेलसेवा



**खबर दर्पण समाचारदाता**
**पुस २ गते, महेन्द्रनगर**
जनकपुरधाममा श्रीसीताराम विवाह पञ्चमी महामहोत्सवमा भाग लिनका लागि आएका तीर्थयात्रीहरू धमाधम रुपमा आ-आफ्नो गन्तव्य तर्फ प्रस्थान गरिरहेका छन् ।

भारतीय तीर्थयात्रीहरूलाई भारत तर्फ प्रस्थान गर्नका लागि जनकपुर-जयनगर रेल सेवा निक्कै भरपर्दो साधन बनेका छन् । सार्वजनिक यातायात प्रयोग गर्ने अधिकांश भारतीय तीर्थयात्रीहरूको रोजाई रेल सेवा नै बनेको छ ।

नेपाल रेल्वे कम्पनीले विवाह पञ्चमी मेलाको भिड तथा यात्रीको सुविधाका लागि दुवै इन्जिन सहितको सबै वोगीहरु सञ्चालनमा ल्याएको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जानकारी दिनु भएको छ । यसका साथै भोलीसम्मका लागि भंगहा तर्फको सेवा स्थगित भएको कम्पनीले जनाएको छ। अहिले समय तालिका हटाएर यात्री भर्ने बित्तिकै रेल सेवा सञ्चालन भइ रहेको छ ।

अहिले भारतबाट आएका तीर्थयात्रीहरू अत्यधिक मात्रामा आउने र जाने गरेका कारणले महोत्तरीको भंगहा तर्फको सेवा स्थगित भएको छ। खास गरेर भारतबाट आएका तीर्थयात्रीहरू आ-आफ्नो घर तर्फ जान थालेकाले भंगहा तर्फको सेवा स्थगित भएपनि भोली साँझ देखि सेवा पुनः सञ्चालन हुने नेपाल रेल्वे कम्पनीले जनाएको छ ।

रेलका लागि अहिले भएको बोगी तथा इन्जिन पर्याप्त मात्रामा नरहेको रेल्वे कम्पनीले जनाएको छ। इन्जिन सहितका पाँच बोगी मात्र भएका कारणले सबै सेवाग्राहीलाई सेवा लिनमा समस्या भइरहेको छ ।

यसै गरि भारतको विहार, उत्तर प्रदेश, झारखण्ड सहितका प्रदेशबाट आफ्नो सवारी साधनबाट आउने तीर्थयात्रीहरू सवारी साधन सहित फर्केका छन् ।

कतिपयले सार्वजनिक बस सेवाको प्रयोग गरेर गन्तव्य तर्फ गइरहेको छ । जनकपुरधाम आएका ९५ प्रतिशत भन्दा बढी तीर्थयात्रीहरू घर फर्किसकेका छन् ।


*नियमित कर तिरी नगर*
*विकासमा सहभागी बनौं ।*
*कर तिर्नु सभ्य नागरिकको*
*पहिचान हो समयमै*
*कर चुक्ता गरौं*
क्षीरेश्वरनाथ नगरपालिका, धनुषा


# कुपोषण न्युनिकरणका सम्बन्धि तालिम सम्पन्न



**खबर दर्पण समाचारदाता**
**पुस २ गते, बर्दिवास**
महोत्तरीको बर्दिवासमा स्वयंसेवकहरुका लागि सकारात्मक झुकाव सामूहिक चुल्हो तथा कुपोषण न्युनिकरणका सम्बन्धि ५ दिने तालिम सम्पन्न भएको छ।

एकिकृत ग्रामिण विकास समाज, महोत्तरीद्वारा महोत्तरीको एकडारा र सम्सी गाउँपालिकामा सञ्चालन गरिएको पोषण तथा उत्थानशील जीविकोपार्जन परियोजना अन्तर्गत स्वयंसेवकहरुका लागि बिहीबार बाट सुरु गरिएको तालिम आज सम्पन्न भएको छ । समुदायमा भएका कुपोषित बालबालिकाहरु पहिचान गरी सकारात्मक झुकाव सामूहिक चुल्हो सेसनका माध्यमबाट सुपोषित बनाउने कार्यका लागि छनौट भएका एकडारा र सम्सी गाउँपालिकाका १६ जना स्वयंसेवकहरुलाई तालिममा प्रदान गरिएको छ ।

संस्थाका फोकल पर्सन उमेश न्यौपानेले समुदायमा भएका कुपोषित बालबालिकाहरु पहिचान गरी उनीहरुलाई सुपोषित बनाउन स्वयंसेवकहरुले महत्वपूर्ण भूमिका खेल्नु पर्ने बताउनुभयो ।

तालिममा सकारात्मक झुकाव सामूहिक चूल्होको बारेमा सैद्धान्तिक जानकारीका साथै पिडी खाना कसरी बनाउने भन्ने प्रयोगात्मक अभ्यास, फिल्ड भ्रमण समेतको जानकारी गराइएको कार्यक्रम ब्यवस्थापक कुमार भण्डारीले जानकारी दिनुभयो ।

पाँच दिनसम्म संचालन हुने उक्त तालिमको सहजीकरण राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र सर्लाहीका कार्यक्रम अधिकृत सुमित कुमार साह, फिल्ड अधिकृत राजेश साह र राजेश गुप्ता तथा एकिकृत ग्रामिण विकास समाजका कार्यक्रम अधिकृत भुपेन्द्र निरौलाले गरिरहनु भएको छ ।

# नेपाल कुशवाहा कल्याण समाजद्वारा सांसद महतोलाई सम्मान



**खबर दर्पण समाचारदाता**
**पुस २ गते, महोत्तरी**
नेपाल कुशवाहा कल्याण समाज जिल्ला कार्य समिति महोत्तरीले सफाइ पाएका संघीय सांसद लक्ष्मी महतो कोईरीलाई सम्मान गरेको छ । उनलाई समाजले २१ किलोको फुल मालाले समान गरेको छ।

सोमबार गौशाला नगरपालिका वडा न.२ निगौल स्थित निजि निवासमा एक समारोहबिच महोत्तरी क्षेत्र नं. १ का संघीय सांसद माननीय लक्ष्मी महतो कोईरीलाई नेपाल कुशवाहा कल्याण समाज जिल्ला कार्य समिति महोत्तरीले गमछा तथा २१ किलोको फुलेको माला लगाई समान गरेको हो ।

नेपाल कुशवाहा कल्याण समाज जिल्ला कार्य समिति महोत्तरीको

बाँकी पृष्ठ ३ मा


# ए.एस.डी. अफसेट प्रेस
क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा